"घर घरमा उद्यम फैलाऔँ, गरीबीलाई शुन्य बनाऔँ"

# तेश्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन

## Third National Microfinance Members' Summit

चैत्र २८-२९, २०७८ (April 11-12, 2022), काठमाडौं, नेपाल

## तेश्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन सुरू

# ग्रामीण विकासको मुख्य आधार लघुवित्त : कामु गभर्नर




काठमाडौं । तेश्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन काठमाडौंमा सुरू भएको छ । सम्मेलनको उद्घाटन गर्दै नेपाल राष्ट्र बैंककी कायममुकायम गभर्नर डा. नीलम ढुङ्गाना तिम्सिनाले लघुवित्त ग्रामीण विकासको मुख्य आधार भएको बताइन् । लघुवित्तले गरिब र लक्षित समुदायको आर्थिक पुनरूत्थान गर्न, लैङ्गिक असमानतालाई न्यून गर्न, महिला सशक्तीकरणलाई टेवा दिन र आर्थिक असमानतालाई कम गर्न मद्दत गरेको उनले बताइन् । "लघुवित्तले वित्तीय सेवाबाट वञ्चित रहेका समूहलाई प्रदान गर्ने वित्तीय सेवाहरूलाई जनाउँछ, जसले उनीहरूलाई स्वरोजगारका अवसरहरु विकास गर्न र विभिन्न आयआर्जन गर्ने गतिविधिहरु विस्तार गर्न मद्दत पुऱ्याउँछ", उनले भनिन् ।

लघुवित्तले महिलाहरूको आर्थिक उन्नतिमा महत्वपूर्ण भूमिका खेलेको उनले बताइन् । "पुरूषहरूको अनुपातमा महिलाहरूको रोजगारीलगायत आयआर्जन हुने क्षेत्रमा सहभागिता कम रहे तापनि लघुवित्त वित्तीय संस्थाहरूले ग्रामीण विपन्न वर्गका महिलाहरूलाई उत्पादनशील क्रियाकलापमा संलग्न गराई रोजगारी सिर्जनालगायत ग्रामीण महिलाको उत्थानमा महत्वपूर्ण भूमिका खेल्दै आएका छन्", उनले भनिन्, "औपचारिक रोजगारी वा जीविकोपार्जनका वैकल्पिक अवसरहरूको अभावले मुलुकको आर्थिक विकासमा महिलाहरूको सहभागितालाई सीमित बनाएको सन्दर्भमा लघुवित्त वित्तीय संस्थाहरूले महिलाहरूलाई आर्थिक गतिविधिमा सहभागी गराउन अभिप्रेरित गर्दै आएका छन् ।"

समावेशी आर्थिक विकासका लागि नेपालमा भएका विभिन्न प्रयासको बावजुद मुलुकको कुल जनसंख्याको करिब १८ प्रतिशत हिस्सा अझै पनि गरिबीको रेखामुनि रहेको उनले बताइन् । अझै पनि २० प्रतिशत जनसंख्याको हिस्सा औपचारिक वित्तीय पहुँचभन्दा बाहिर रहेको स्थितिमा लघुवित्त वित्तीय संस्थाहरूलाई गरिबी निवारण, आर्थिक समावेशीकरण र समग्र आर्थिक विकासका लागि प्रभावकारी साधन मानिएको उनको भनाइ छ । "नेपालमा लघुवित्तको अभ्यास सुरू भएको साढे चार दशकभन्दा पनि बढी भइसकेको छ । यसबीच गरिबी निवारणका धेरै पहल सुरू गरिए तापनि लघुवित्त कार्यक्रम मात्र गरिबी निवारण र ग्रामीण विकासको मुख्य आधार भएको छ ।" बाँकी पृष्ठ २ मा

# लघुवित्त कमाउधन्दामा फस्नु भएन : शंकर मान श्रेष्ठ



काठमाडौं । नेपालमा लघुवित्त सुरूवात भएको चार दशक बढी भइसकेको छ । औपचारिक रूपमा ग्रामीण मोडेलको सुरूवात भएको पनि तीन दशक भएको छ । ५६ लाखलाई लघुवित्त संस्थाहरूले सेवा पुऱ्याउँदै आएका छन् । मुलुकको जनसंख्याको हिसाब गर्दा करिब देशको जनसंख्यालाई नै समेटेको जस्तो पनि देखिन्छ । देशमा १८ प्रतिशत बढी जनसंख्या गरिबीको रेखामुनि छन् । धनी र गरिबबीचको खाडल बढिरहेको छ । गरिब झन् गरिब नै छन्, धनी झन् धनी भएका छन् । कोरोनाकालमा अर्ब डलरपतिहरूको संख्या बढेको छ । यसले पनि यसको पुष्टि गर्छ ।

जुन उद्देश्यका साथ हामी अगाडि बढिरहेका छौं, हामी कहीँ न कहीँ चुकेको छौं । हामीकहाँ चुकेका छौं, समीक्षा गर्न आवश्यक छ । बहुकर्जाले हामीलाई अल्मल्याएको छ । हामी नाफामा बढी केन्द्रित भयौं । हामी नाफामा होइन सेवा विस्तार र गरिबी निवारणमा केन्द्रित हुनुपर्छ ।

बाँकी पृष्ठ २ मा

# प्रधानमन्त्री देउवाको शुभकामना सन्देश

देशभरका लघुवित्तहरूको सदस्य सम्मेलनमा सहभागी हुन काठमाडौं आउनुभएका सम्पूर्ण सहभागीहरूमा हार्दिक स्वागत तथा सम्मेलनको शुभकामना व्यक्त गर्दछु । देशका विभिन्न क्षेत्रमा रहेका लघुवित्तहरूले स्थानीय उत्पादनमा वृद्धि गरी स्थानीयस्तरमा रोजगारी सिर्जना गरेका छन् ।

स्थानीय तहका नागरिकहरूलाई बचत र लगानीमा प्रोत्साहन गर्दै आय आर्जनमा वृद्धि गरेर समग्रमा मुलुकको आर्थिक अवस्थालाई चलायमान गराउन लघुवित्तहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन् । देशभर रहेका लघुवित्तहरूले स्थानीय उत्पादनलाई आधुनिकीकरण र बजारीकरण गर्नमा पनि महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको मैले जानकारी पाएको छु ।

मलाई विश्वास छ, देशभर रहेका लघुवित्तहरूले स्थानीय तहमा लगानीमा वृद्धि गर्दै रोजगारी सिर्जना गरी समग्रमा गरिबी निवारणमा टेवा पुर्याएका छन् । लघुवित्त सदस्य सम्मेलनले 'घर घरमा उद्यम फैलाऔँ र गरिबीलाई शुन्य बनाऔँ' भन्ने मूल नाराका साथ सम्मेलन गर्न लागेकोमा मलाई खुसी लागेको छ । मुलुकलाई समृद्धितर्फ अघि बढाएर समुन्नत मुलुक बनाउन सरकारसँगै निजी क्षेत्र र हरेक नागरिकहरूको पनि भूमिका हुन आवश्यक छ । मुलुकमा गरिबी निवारण गरेर विकसित मुलुक बनाउने अभियानमा तपाईंहरूको योगदानको सरकारले सधैं कदर गर्ने नै छ ।

लघुवित्त क्षेत्रमा देखिएका कमीकमजोरीलाई पनि सच्चाउँदै अगाडि बढ्न आवश्यक छ । यस क्षेत्रलाई अझ विश्वासिलो बनाउन वित्तीय अनुशासन कायम गराउन पनि उत्तिकै जरूरी छ । जसका लागि नीति, नियम र कार्यक्रममा सरकारले सहयोगात्मक भूमिका निर्वाह गर्ने छ । अन्त्यमा, लघुवित्त संस्थाहरूले आगामी दिनमा अझ प्रभावकारी वित्तीय सेवा दिन यसलाई थप समावेशी बनाउँदै सबै नागरिकहरूको संस्थाका रूपमा अघि बढाउने छ भन्ने अपेक्षा राख्दै तेश्रो राष्ट्रिय सम्मेलन लघुवित्त सदस्य सम्मेलनको सफलताको शुभकामना व्यक्त गर्दछु ।

## लघुवित्त संस्थाहरु अब उत्पादनशील बन्नुपर्छ

काठमाडौं । लघुवित्त संस्थाहरु उत्पादनशील बन्नुपर्ने सरोकारवालाहरूले जोड दिएका छन् । स्वावलम्बन विकास केन्द्रले आयोजना गरेको 'तेश्रो राष्ट्रिय लघुवित्त सम्मेलन'मा बोल्दै सरोकारवालाहरूले देशमा आयात बढ्दा व्यापार घाटा बढ्दै गएको र अर्थतन्त्रमा नै समस्या पैदा गरेको भन्दै अब लघुवित्त संस्थाहरूको लगानी ठूलो स्केलको उत्पादनतर्फ केन्द्रित गर्नुपर्ने बताएका हुन् ।

नेपाल राष्ट्र बैंकका कार्यकारी निर्देशक डा. प्रकाशकुमार श्रेष्ठले लघुवित्तमा विकृतिहरु देखिएको र ती विकृतिहरु विस्तारै निराकरण गर्दै जाने बताए । उनले भने, "विश्व बैंकको तथ्यांकअनुसार नेपालमा प्रतिदिन २ डलरभन्दा कम आम्दानी हुने मानिसहरूको दर घटेर ८ प्रतिशतमा आइपुगेको छ ,जबकि यो प्रतिशत पहिले धेरै थियो ।" यसरी गरिबीदर घट्नुमा लघुवित्त कम्पनीहरूको पनि भूमिका रहेको डा. श्रेष्ठले बताए ।

नेपालमा लघुवित्त बंगलादेशको भन्दा पनि अगाडि सुरू भएको बताउँदै डा. श्रेष्ठले लघुवित्तका कामहरूलाई राज्यले पहिचान गरिरहेको बताए । उनले सम्मेलनमा सहभागीहरूलाई शुन्यबाट केही हुनुभएको छ भन्दै अब उद्यमी बन्नुहोस् भने । श्रेष्ठले अब लघुवित्तले विपन्नलाई खोज्नुपर्ने बताउँदै संस्थाले स्केल बढाउँदै गर्दा व्यवस्थापकीय क्षमता पनि बढाउनुपर्ने धारणा राखे ।

त्यस्तै स्वावलम्बन लघुवित्त वित्तीय संस्थाकी अध्यक्ष डा. सुमित्रा मानन्धर गुरूङले लघुवित्त र सहकारी क्षेत्रले गरी करिब ८ खर्ब रूपैयाँ बराबरको पुँजी परिचालन गरेको तर, दैनिक उपभोग्य वस्तु उत्पादनसमेत गर्न नसकेको प्रति गुनासो गरिन् । उनले भनिन्, "हामीले आफ्नो लागिसमेत उत्पादन गर्न सकेका छैनौं, ८ खर्बको पुँजी कहाँ परिचालन भएको छ त ? अब खोजीको विषय हुनुपर्छ ।"

त्यस्तै लघुवित्त बैंकर्स एसोसिएसनका पूर्वअध्यक्ष रामचन्द्र जोशीले लघुवित्तले ग्रामीण विपन्न भएका मानिसहरूको जीवनस्तर उकास्नका लागि काम गरिरहेको तर सरकारले पहिचान नगरेको भन्दै गुनासो गरे । उनले भने, "लघुवित्तले धेरै मानिसहरूको जीवन परिवर्तन गरेको छ तर, राज्यले पहिचान गरेन ।" यस्तै लघुवित्त बैंकर्स एसोसिएसनका अध्यक्ष प्रकाशराज शर्माले ग्रामीण अर्थतन्त्रलाई उकास्ने साधन लघुवित्त बनाउनुपर्ने भन्दै लघुवित्तले साहू महाजनको समस्याबाट जनतालाई मुक्ति दिएको दाबी गरे ।

## ग्रामीण...

कायममुकाय गभर्नर तिम्सिनाले २०७८ पुस मसान्तसम्ममा लघुवित्त वित्तीय संस्थाहरूको कुल सदस्य संख्या ५६ लाख २२ हजार रहेको र त्यसमध्ये पुरूषको संख्या १ लाख ५१ हजार मात्र रहेको उनले जानकारी गराइन् । महिलाको संख्या भने ५४ लाख ७१ हजार रहेको छ । लघुवित्त वित्तीय संस्थाहरूबाट ऋण लिने सदस्यको संख्या ३१ लाख ७१ हजार रहेको छ, जसअन्तर्गत पुरूषको संख्या ८३ हजार छ भने महिलाको संख्या ३० लाख ८८ हजार रहेको छ ।

यद्यपि महिलाहरूसँग सम्पत्तिको स्वामित्वको कमी भएकाले महिलाद्वारा विभिन्न व्यवसाय थालनी गर्दा आवश्यक हुने कर्जाको धितोसमेतको अभाव भएको देखिएको उनले बताइन् । "कुल पुरूषको जनसंख्यामध्ये ५६ प्रतिशत पुरूषहरूको वित्तमा पहुँच छ भने महिलाहरूको कुल जनसंख्यामध्ये मात्र ३६ प्रतिशत पहुँच रहेको छ । आर्थिक स्रोतमाथि महिलाको पहुँच र नियन्त्रण पनि निकै कम भएको अवस्था छ", उनले भनिन् ।

उद्घाटन कार्यक्रममा स्वागत मन्तव्य राख्दै सम्मेलन आयोजक समितिका अध्यक्ष शंकर मान श्रेष्ठले देशमा अझै १८ प्रतिशत जनसंख्या गरिबीको रेखामुनि रहेकाले लघुवित्तले गरिबीलाई शुन्यमा झार्न सक्नुपर्नेमा जोड दिए । उनले एकै व्यक्तिले धेरै लघुवित्त संस्थाबाट कर्जा लिएको भन्दै त्यसमा कडाइ गर्नुपर्ने बताए । "नाफा कमाउने होडमा लघुवित्त संस्थाहरु लागेको देखिन्छ । यति नाफा कमाए, उति नाफा कमाए भनिएको छ । तर, त्यो लघुवित्तको सार्थकता होइन । लघुवित्त कमाउधन्दामा फस्नु भएन । लघुवित्तले गरिबीलाई शुन्यमा झार्न सक्नुपर्छ । २२/२४ वटा संस्थाबाट समेत कर्जा लिएको पाएको छु । त्यसैले संख्यात्मक वृद्धि गर्न सदस्य खोसाखोस नगरौं", उनले भने । बहुकर्जाले लघुवित्तलाई अल्मल्याएको उनको भनाइ छ ।

लघुवित्त सेवाको संस्कार गिर्दो अवस्थामा रहेको भन्दै उनले समयमै सच्चिन आग्रह गरे । 'सक्षम' नामक विदेशी परियोजनाले जथाभावी लघुवित्तको शाखा बढाउन लगाएको समेत उनले बताए । उनले अरूको भड्काउन नलाग्न आग्रह गरे । "अरूको खुट्टामा उभिने होइन । हामी आफ्नै खुट्टामा उभिन सक्नुपर्छ । आत्ममूल्यांकन गरौं, हामी सक्षम छौं, गन्तव्यमा पुग्छौं", उनले भने ।

उनले लघुवित्तहरु स्वनियमनमा बस्नुपर्ने आवश्यकता औंल्याए । "पुरानो ढर्राबाट अब चल्न हुँदैन । अहिले नै सचेत बन्नुपर्छ । ढिला गर्न हुँदैन । स्वनियममा बस्न अरूले निर्देशन दिन पर्दैन । राम्रो कामका लागि नेपाल राष्ट्र बैंकको निर्देशन कुर्नुपर्दैन", उनले भने । सम्मेलन उद्घाटनमा आउने कार्यक्रम भए पनि निर्वाचन आचारसंहिताका कारण आउन नसकेपछि प्रधानमन्त्री शेरबहादुर देउवाले सम्मेलन सफलताको शुभकामना पठाएका थिए । शुभकामना दिँदै उनले देशका विभिन्न क्षेत्रमा रहेका लघुवित्तहरूले स्थानीय उत्पादनमा वृद्धि गरी स्थानीय स्तरमा रोजगारी सिर्जना गरेको बताए । उनले स्थानीय तहका नागरिकहलाई बचत र लगानीमा प्रोत्साहन गर्दै आयआर्जनमा वृद्धि गरेर समग्रमा मुलुकको आर्थिक अवस्थालाई चलायमान गराउन लघुवित्तहरूले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको बताए ।

देशभर रहेका लघुवित्तहरूले स्थानीय उत्पादनलाई आधुनिकीकरण र बजारीकरण गर्नमा समेत लघुवित्तहरूको महत्वपूर्ण भूमिका रहेको उनले बताए । सम्मेलन उद्घाटन सत्रमा धन्यवाद ज्ञापन गर्दै कार्यक्रम उपसमिति संयोजक ज्योतिचन्द्र ओझाले लघुवित्तहरूको मुख्य लक्ष्य गरिबी निवारण भएको बताए । उनले सम्मेलनको प्रमुख अतिथि, विशिष्ट अतिथि, अतिथिसहित सम्मेलनमा सहभागी सबैलाई धन्यवाद ज्ञापन गरे ।

## लघुवित्त..

एक सदस्यले २२/२४ वटा संस्थाबाट समेत कर्जा लिएको भेटेको छु । त्यसैले संख्यात्मक वृद्धि गर्न सदस्य खोसाखोस नगरौं । यसले हामीलाई नै असर पार्छ । लघुवित्त कमाउधन्दामा फस्नु भएन । लघुवित्तले गरिबीलाई शुन्यमा झार्न सक्नुपर्छ ।

सय रूपैयाँ पर्ने लघुवित्तको सेयर मूल्य ६ हजार पुगेको छ । यो सामान्य कुरा होइन । अब पुरानो ढर्राबाट चल्न हुँदैन । अहिले नै सचेत बन्नुपर्ने देखिन्छ । बिग्रिएपछि केही गरेर पनि हुँदैन । ७७ वटै जिल्लामा लघुवित्त सेवा पुगेको छ । गरिबीको रेखाबाट कति परिवार व्यक्तिलाई सक्षम बनाउनुभयो भन्ने महत्वपूर्ण हो । संस्थाको नाफाभन्दा कति गरिबलाई सक्षम, उद्यमी बनाउनुभयो ? संस्था नाफामा केन्द्रित हुनुहुँदैन । संस्था नाफामा केन्द्रित भयो भने हामी धरासायी हुन्छौं । भारतमा एकै सदस्यलाई दुईभन्दा बढी संस्थाले कर्जा दिए संस्थाको लाइसेन्स नै खारेज हुन्छ । हामीले पनि कडाइ गर्न आवश्यक छ । हामी स्वः नियमनमा बस्न सक्नुपर्छ । राष्ट्र बैंकको निर्देशन मात्रै कुरेर बस्ने होइन । राम्रो कामका लागि निर्देशन किन कुर्नुपर्यो ?

केही विदेशी परियोजनाले जथाभावी रूपमा लघुवित्तको शाखा बढाउन लगायो । उसले केही सहयोग पनि गरेको छैन । तर, प्राविधिक सहयोग गरेको भरमै उसको पछि हामी लाग्नु हुँदैन । हामी आफ्नै खुट्टा उभिन सक्नुपर्छ । अरूको लहैलहैमा लाग्नुहुँदैन । त्यसले आज आश देखाउँला तर संस्था बिग्रियो भने सहयोग गर्न त्यो आउँछ ? आउँदैन । हामी आफ्नै खुट्टामा उभिन सक्नुपर्छ । यो सम्मेलन गर्नका लागि पनि सहयोग गर्छु भनेका थिए, तर हामीले मानेनौं । हामीले सरकारसँग पनि सहयोग लिएनौं । हामी आफैं सक्षम छौं । त्यसैले अब आत्ममूल्यांकन गरौं । सक्षम छौं । गन्तव्यमा अवश्य पुग्छौं ।

## तेश्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन

# हटेन दोहोरो ऋणीको समस्या

काठमाडौं । लघुवित्त वित्तीय संस्थाहरूमा दोहोरो ऋणको समस्या अझै समाधान हुन नसकेको सरोकारवालाहरूले बताएका छन् । 'घरघरमा उद्यम फैलाऔँ, गरिबीलाई शुन्य बनाउँ' भन्ने नाराकासाथ सोमबारदेखि राजधानीमा सुरु भएको तेश्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलनमा सरोकारवालाहरूले यस्तो बताएका हुन् । कर्जा सूचना केन्द्रमा लघुवित्तका ऋणीको सूचीमा पठाउने सुरुवात भए पनि यसबारे जानकारी लिन अझै नसक्दा दोहोरो ऋणीको समस्या हट्न नसकेको सरोकारवालाहरूको भनाइ छ ।

सम्मेलनमा पूर्वगभर्नर दीपेन्द्रबहादूर क्षेत्रीले एउटै व्यक्तिले धेरै संस्थामा दोहोरो सदस्य भई ऋण नतिर्ने प्रवृत्ति हटाउन आग्रह गरे । उनले भने, 'लघुवित्त सबै समान हुन । बरू आफूलाई पायक पर्ने कुनै लघुवित्तबाट सुविधा लिनुपर्छ । गलत नियतले धेरैबाट कर्जा लिने र नतिर्ने प्रवृत्तिले लघुवित्तको कुल कर्जामै १३ प्रतिशतभन्दा बढी भाका नाघेको ऋण हुनु राम्रो होइन । मलाई लागेको थियो यस्तो कर्जा शुन्य छ ।' सदस्यमा ऋण लिएर भाग्ने प्रवृत्ति हटाउन सामूहिक सहयोगबाट समाधान गरी संस्थाप्रतिको दायित्व र अपनत्व कायम गर्न आम ऋणी सदस्यलाई पूर्वगभर्नर क्षेत्रीले अनुरोध गरे ।

यससँगै अधिकांश ऋणी सदस्यहरूले कर्जा लिएको शीर्षकमा बाहेक अन्य क्षेत्रमा खर्च गर्ने प्रवृत्तिसमेत भएको बताइएको छ । पछिल्लो समय अधिकांश ऋणी सदस्यहरूले कर्जा लिएर नतिर्ने समस्या हुँदा लघुवित्तमा मात्रै भाखा नाघेका ऋण कुल कर्जाको १३.५ प्रतिशत पुगेको सशक्तीकरण तथा विकास केन्द्र, नेपालका डा. नरहरि ढकालले जानकारी दिए ।

सम्मेलनमा 'नेपालमा लघुवित्तको अवस्था, चुनौती र सम्भावना' विषयक कार्यपत्र प्रस्तुत गर्दै डा. ढकालले कुनै समय ९१ वटा पुगेको लघुवित्त मर्जर तथा प्राप्तिबाट घटेर ६६ ओटामा सीमित भएको बताए । उक्त सेसनको संयोजन गरेका पूर्वगभर्नर क्षेत्रीले थप्दै भने, 'संस्थाहरूलाई चुस्त, दुरुस्त व्यवस्थापकीय बलियो बनाएर जान मर्जर तथा प्राप्तिबाट संख्या घटाउनु उपयुक्त हो । यद्यपि अहिले सबै लघुवित्तको शाखा संख्या करिब ३ हजारबाट बढेर ४ हजार हाराहारीमा पुगिसकेको छ । यसले दूरदराजसम्म पहुँच पुग्न सहयोग मिलेको छ ।'

नेपालमा लघुवित्तको ६ दशक पुरानो इतिहास रहेको बताउँदै उनले भने, 'यस अवधिमा विभिन्न पद्धति, संस्थागत संरचना तथा अवधारणामा लघुवित्त सेवा प्रवाह भएका छन् । सुरुमा कल्याणकारी अवधारणामा सञ्चालन भएको लघुवित्त सेवा हाल पूर्ण व्यावसायिक सोचमा सञ्चालन भएको छ ।' डा. ढकालका अनुसार विभिन्न किसिमका वित्तीय सेवा प्रदायक संस्थाहरु (वाणिज्य बैंक, विकास बैंक, वित्त कम्पनी, लघुवित्त संस्था, र वित्तीय सहकारी संस्थाहरु) प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा लघुवित्त सेवा प्रवाह गर्न संलग्न छन् । यद्यपि हालका दिनमा वित्तीय पहुँचमा उल्लेखनीय रूपमा वृद्धि भएको उनले औंल्याए ।

हालको लघुवित्त सेवा प्रवाहसम्बन्धी सूचना प्रवाह, संकलन, प्रशोधन र वितरण प्रणाली पूर्ण छैन र लघुवित्त संस्थाले प्रवाह गरेको सेवाबाहेक अन्य निकायले प्रवाह गरेको सेवासम्बन्धी सूचना संकलन गर्ने प्रणाली छैन र यससम्बन्धी पूर्णरूपमा विश्लेषण गर्न नसकिने अवस्था रहेको उनको ठहर छ ।

यसैगरी, सम्मेलनमा यूनिक नेपाल लघुवित्तका कार्यकारी निर्देशक डा. गोपाल दहितले लघुवित्त वित्तीय संस्थाहरूमा देखिएको यथार्थ र यसको चुनौतीको चित्रण गरे । ऋणी सदस्यहरूले संस्थाबाट मागेको कर्जा पाएन भने समूह छोड्ने, र बाँकी कर्जा नतिर्ने धम्की तुरुन्त दिने प्रवृत्ति भएको टिप्पणी गरे । साथै, एउटा लघुवित्तले कर्जा नदिए, अर्कोले थपेर तुरुन्त कर्जा दिने, सामूहिक जमानी कमजोर हुन थालेको, कर्जा लिई सम्पर्कविहीन हुने, भाग्ने र किस्ता नतिर्ने प्रवृत्ति केहीमा देखिएको उनले बताए । यस्ता प्रवृत्ति सरुवा रोग नबनोस् भन्दै उनले व्यंग्य गरे ।



कार्यकारी निर्देशक डा. दहितका अनुसार कर्जा लिई फुर्मासी खर्च गर्ने, जस्तैः जन्मदिन, विवाह, उपहार, आदिमा खर्चिने प्रवृत्ति बढेको पनि उनले बताए । 'यससँगै कतिपय सदस्यहरूले सामूहिक जमानी नबस्ने भन्नुहुन्छ, तर आफूलाई भने सामूहिक जमानीमै बिनाधितो कर्जा पाउन दबाब दिनुहुन्छ । लघुवित्त कर्जाको ब्याजदर बढी भयो भनी टिप्पणी गर्ने गर्छन्,'उनी थप्दै भन्छन्, 'व्यवसाय गर्नभन्दा कर्जाको किस्ता तिर्न थप कर्जा लिने गरेको, कर्जा भार बढेको छ । कर्मचारीहरूमा कर्तव्य पालना बोध घट्दै गएको छ ।'

यस्ता प्रवृत्तिले गर्दा लघुवित्त संस्थाहरूमा चुनौती देखिएको छ । अझै संस्थाहरु आफैंले निम्त्याएका चुनौतीहरु पनि रहेको डा. दहितले बताए । यससँगै एकजना सदस्यलाई धेरै लघुवित्त संस्थाको सदस्य बनाउने प्रवृत्ति रहेको उनको भनाइ छ । यसबाहेकका दर्जनौं चुनौती रहेकोबारे प्रष्ट्याउँदै उनले भने, 'ऋणी धेरै समूहमा छ भन्ने थाहा पाउँदा–पाउँदै पनि कर्मचारीले कर्जा दिने, एउटा लघुवित्तले कर्जा नदिए अर्कोले सोधखोज नगरी निजलाई थपेर तुरुन्त कर्जा दिने, बिना प्रशिक्षण सोझै केन्द्र समूह गठन गर्ने र ग्रामीण लेखाजोखा (पीआरए), सम्पत्ति स्तरीकरण (पीडब्लूआर), समूह प्रवेश तालिम (पीजीटी) हराउँदै गएको छ ।'

मन मिल्ने, समान वर्ग, नजिकको छरछिमेक र विपन्न पहिचान गर्ने सबै कार्य फितलो हुँदै गएकोमा उनले चिन्ता व्यक्त गरे । जो, जहाँ, जसरी भेटे उसैलाई सदस्य बनाईदिने र कर्जा दिने प्रवृत्ति हटाउन ध्यानाकर्षण गराए । कर्जाको दुरुपयोग गर्ने, र अघिल्लो कर्जाको किस्ता तिर्न थप कर्जा माग्ने प्रवृत्ति पनि हटाउन पहल जरुरी भएको उनले बताए । सेवाग्राही सदस्यहरूको कारण कर्जाको सीमाभन्दा बढी कर्जा दिन नमिल्ने भनेपछि समूह छोड्ने र बाँकी किस्ता नतिर्ने धम्की दिने र नतिर्ने प्रवृत्ति रहेको समेत उनले बताए । 'खराब नियत राखी कर्जा लिने, र किस्ता नतिरी भाग्ने, बेपत्ता हुने । समूहका बाँकी सदस्यहरूलाई जोखिममा पार्ने । कर्जाको सामूहिक जमानी स्वीकार गर्न नमान्ने, तर आफूलाई भने बिनाधितो कर्जा चाहियो भनी दबाब दिने । यस्ता प्रवृत्ति हटाउनुपर्छ,' उनले भने ।

स्वावलम्बन विकास केन्द्रका उपाध्यक्ष महेन्द्र कुमार गिरीले सहकारीले सञ्चालन गरिरहेको लघुवित्त कार्यक्रमसम्बन्धमा कार्यपत्र प्रस्तुत गर्दै कृषि विकास तथा साना किसान विकास बैंकबाट होलसेल कर्जा लिएर सञ्चालित साना किसान सहकारी संस्थाले लघुवित्त कार्यक्रम सञ्चालन गर्दै आएको बताए । उनका अनुसार लघुवित्तको कारोबार जस्तै नेपालमा बचत तथा ऋण र बहुउद्देश्यीय सहकारी संस्थाहरूमध्ये १२ देखि १५ प्रतिशत संस्थाले लघुवित्त मोडलमा समेत कारोबार गर्दै आएका छन् भन्ने अनुमान छ । अहिलेसम्म उद्यम तथा व्यवसायमा मात्रै अधिक केन्द्रित भएको उनले बताए । यसैले अब यस मोडलको लघुवित्तका सम्भावनाहरु शिक्षा, स्वास्थ्य, आवास, रोजगारी, गरिबी न्यूनीकरण सहयोग र उद्यमशीलता विकासमा सहयोग र पुँजी, वित्तको प्रवन्धलगायतमा हुनुपर्ने उनको जोड छ ।

यस्ता लघुवित्त कारोबारमा सबै सदस्यले लाभांश प्राप्त गर्न सक्ने, कारोबारको आधारमा संरक्षित पुँजीकोष वितरण हुने र सदस्यहरूमा अपनत्वको भावना अलि बढी हुने उनले बताए । 'साथै यस मोडलका संस्थाले पर्याप्त बचत संकलन गर्न सकिने, सामाजिक कार्य, व्यवसाय गर्न पर्याप्त कोष हुने, स्थानीय सरकार सहकारीप्रति सकारात्मक रहेको र सदस्यहरूको सहज वित्तीय पहुँचको सम्भावना देखिन्छ,' उपाध्यक्ष गिरीले भने । तर, सहकारीहरूले लघुवित्तमा पुऱ्याएको योगदानको तथ्यांकन हुन जरुरी भएको उनले औंल्याए ।

यसैगरी, उपाध्यक्ष गिरीले सहकारी संस्थाबाट सिर्जित भएका दर्जनौं चुनौतीहरूको व्याख्या गरे । उनका अनुसार लघुवित्तको मूलमर्म भावना र सिद्धान्तभन्दा बाहिर गएर कार्यक्रम सञ्चालन गर्नु, सदस्यहरूलाई कर्जा दिनु पूर्वव्यावसायिक सीप तथा तालिम नदिइकन कर्जा लगानी गर्नु, कर्मचारीहरूमा दक्षताको कमी, जागिरे मानसकिता तथा हिनामिनाका घटनाहरु बढ्दै जानुलगायतका चुनौती देखिन्छ । साथै अब संस्थाहरूले लघुवित्तको माध्यमबाट गरिबी कति घटाइयो, रोजगारी सिर्जना कति भएको छ जस्ता कुराहरूको प्रभाव अध्ययन गर्न नसकेको उनी बताउँछन् ।

# तेश्रो राष्ट्रिय लघुवित्त सदस्य सम्मेलन २०७८ का झलकहरु















